पाथीभरा याङवरक गाउँपालिका

# पाथीभरा याङवरक गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधी, २०७६

कार्यपालिकाबाट स्विकृत मितिः २०७६/११/२९ गते

**थेचम्बु, ताप्लेजुङ**

**प्रदेश नं.-१, नेपाल**

स्थानीय राजपत्र

पाथीभरा याङ्वरक गाउँपालिकाद्वारा प्रकाशित

१ नं. प्रदेश, ताप्लेजुङ

फाल्गुण-२९ गते, २०७६ साल

भाग-१

## पाथीभरा याङवरक गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधी, २०७६

प्रस्तावनाः यस पाथीभरा याङ्वरक गाउँपालिकामा रहेका गरिब विपन्न, असहायहरु, विभिन्न रोगबाट पिडित तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेका, शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरुसँगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न पाथीभरा याङ्वरक गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम पाथीभरा याङ्वरक गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधी-२०७६ बनाई गाउँ कार्यपालिकाको बैठकबाट पारित गरि जारी गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधीको नाम "पाथीभरा याङ्वरक गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधी-२०७६" रहेको छ ।

ख. यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क. "ऐन" भन्नाले स्थानीय सरकार ऐन, २०७४ लाई सम्झनु पदर्छ ।

ख. "गाउँपालिका" भन्नाले पाथीभरा याङ्वरक गाउँपालिकाको कार्यालयलाई सम्झनु पदर्छ ।

ग. "कार्यपालिका" भन्नाले पाथीभरा याङवरक गाउँपालिकाको कार्यालयलाई सम्झनु पदर्छ ।

घ. "कार्यालय" भन्नाले गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ. "आर्थिक सहायता" भन्नाले पाथीभरा याङवरक गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोगलाई सम्झनु पर्दछ ।

च. "असहाय" भन्नाले पालनपोषण गर्न आमाबाबु वा कुनै अभिभावक नभएका विपन्न अवस्थाको व्यक्ति भन्ने सम्झनु पर्दछ ।

छ. "गरिब" भन्नाले आफ्नो आम्दानीले ३ महिना सम्म पनि खान नपुग्ने, आय आर्जनको कुनै स्रोत नभएका घर परिवार भन्ने सम्झनु पर्दछ ।

ज. "संघ सस्था" भन्नाले खेलकुद सम्बन्धी कार्य गर्ने क्लबहरु, पर्यटन प्रवर्द्धन सम्बन्धी कारय गर्ने सस्थाहरु, स्वास्थ्य सम्बन्धी शिविर संचालन गर्ने आधिकारिक सस्थाहरु, शिक्षा सम्बन्धी कार्य गर्ने गैर नाफामुलक सस्थाहरुलाई सम्झनु पर्दछ ।

झ. "आकस्मिक कोष" भन्नाले गाउँसभाले यस कार्य विधिको दफा ३ को १,२,३,५ र ६ वमोजिमको लागि खर्च गर्ने रकम रहेको कोषलाई सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. पाथीभरा याङ्वरक गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

१. दुर्घटनाः पालिकावासी कुनै ठूलो दुर्घटनामा परि अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा निजलाई अवस्था हेरी उपचारको लागि एक पटकमा रु. ५,०००/- देखि रु. ५०,०००/- सम्म उपलब्ध गराउन सकिने छ ।

२. दीर्घरोगीः पालिकावासीहरु मध्ये दिर्घरोग (किड्नी फेल तथा डाईलोसी गर्ने अवस्था, मुटुको उपचार, क्यान्सर आदि) लागेको अवस्था भएका तर गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेका व्यक्तीलाई अवस्था हेरी एक पटकमा रु. १०,०००/- देखि रु. १,००,०००/-सम्म उपलब्ध गराउने ।

३. विपद्: प्राकृतिक तथा मानवीय व्यवहारबाट सिर्जित विपदबाट मानवीय, आर्थिक, भौतिक क्षतिको आँकलन गरी निजको अवस्था हेरी एक पटकमा रु. ५,०००।– देखि रु. ५०,०००।– सम्म उपलब्ध गराउन सकिने छ ।

४. असहायः यस पालिकामा बसोबास गर्ने कुनै व्यक्तीको एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई वेवारिशे अवस्थामा रहेका र अन्यको आश्रय लिनु परेको, आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्था भएको पालिकावासीले आफुले कुनै उद्यम गर्न सहयोग माग गरेमा,आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्था भएको त्यस्ता असहाय, वेवारिसे मानिसहरु, मानसिक सन्तुलन विग्रिएको, वेवारीसे ला, वेवारिसे चौपाया ठेगाना लगाउनको लागि अवस्था हेरी एक पटकमा बिउ पुजीको रुपमा रु.१०,०००/-देखि रु. ५०,०००/- सम्म सहायता दिन सकिने छ ।

५. यस कार्यविधीको दफा ३(१) (२) र (३) बमोजिमको सहायता वडाध्यक्षको सिफारिसमा गाउँपालिकाबाट उपलब्ध गराइने छ ।

६. संघ संगठनः यस पालिकामा स्थापना भएका, दर्ता भएका, सुचिकृत भएका र पालिकाको क्षेत्रको हित अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा गाउँपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गरिने छ । उक्त कार्यक्रम जिल्ला तथा पालिकाको पर्यटन प्रवर्द्धन, पालिकाको विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने खालका हुनु पर्नेछ । क्लब तथा संघ संस्थाहरुको वार्षिक साधारण सभा, वार्षिक नियमित कार्यमा सहयोग प्रदान हुने छैन ।

७. १ वडा, पालिका र जिल्ला स्तर कार्यक्रमः

क. पालिका स्तरका संघ/संस्थाले आयोजना गरेको कार्यक्रममा एक पटक रु १०,०००/- देखि रु.५०,०००/-सम्म वडाको सिफारिसमा उपलब्ध गराउने ।

ख. जिल्ला स्तर संघ/संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु. १०,०००/-देखि रु ५०,०००/-सम्म पालिका सामाजिक विकास शाखाको सिफारिसमा उपलब्ध गराउने ।

६.२ प्रदेश र केन्द्रस्तर कार्यक्रमः

क. प्रदेश र केन्द्रस्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु.१०,०००/- देखि रु. ५०,०००/-सम्म ।

## परिच्छेद-३

## आर्थिक सहायता भुक्तानी प्रक्रिया

४. भुक्तानी प्रक्रियाः पालिका प्रमुखको तोक आदेशमा आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ ।

१. मानविय सहायताः दफा ३ को उपदफा (१)(२) र (३) बमोजिम आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम हुनेछ ।

   क. निवेदन, नागरिकता, आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस ।

   ख. उपचारको हकमा विरामीको नजिकको मान्छेको निवेदन, प्रमाणपत्रहरु हुनु पर्ने छ ।

२. संघ/संगठनको हकमा आधिकारीक पत्र भएको हुनुपर्ने छ ।

३. सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्नेछ तर संघ/संगठनको हकमा AC/Payee मार्फत भुक्तानी हुनेछ ।

४. गाउँसभाले बिनियोजन गरेको आकस्मिक कोषको स्थानिय तह विविध कोष खाता बजेटको परिधि भित्र रही एक व्यक्ती, संघ संगठनलाई एक वर्षमा १ पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन ।

आज्ञाले

लोक प्रसाद फागो

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत